# ४ योनाको कथा

*यस अध्यायका मूल पदहरू:* योनाह १-४, २ राजा १४:२५, यशैया ५६:७, यशैया ४४:८, मत्ती १२:४०, प्रकाश १४:६-१२।

*यस अध्यायको सम्झनुपर्ने मूल पद:* **"अब मलाई यो महसुस भयो कि परमेश्वरले प्रत्येक मानिसलाई समानतापूर्वक व्यवहार गर्नुहुन्छ भन्ने कुरा सत्य हो।" पत्रुसले भने "सबै राष्ट्रका मानिसहरूलाई उहाँले माया गर्नुहुन्छ वा तिनीहरूको उपासनालाई ग्रहण गर्नुहुन्छ। उहाँलाई आदर गर्ने र जे ठीक छ त्यही गर्ने सबैलाई उहाँले ग्रहण गर्नुहुन्छ।" (प्रेरित १०:३४,३५ रूपान्तरित)।**

**आफ्नो काममा सजिलो नठान्ने हिब्रू अर्थात् इस्राएलको अगमबक्ता वा परमेश्वरका प्रवक्ता योनाहको बारेमा योनाहको पुस्तक लेखिएको हो।** ईपू. ७५०मा इस्राएलको राजा यरोबाम २को कार्यकालमा योनाह जिएका थिए। बाइबलमा उल्लेख गरिएका विभिन्न अगमवक्ताहरूको कथामा केवल योनाहमात्र त्यस्तो एक जना अगमबक्ता थिए जसलाई विदेश वा अरू देशमा गएर मिसिनेरी हुन वा सुसमाचार सुनाउन परमेश्वरले अन्हाउनुभएको थियो। सारा जगतका सृष्टिकर्ता परमेश्वरले आफूले प्रदान गर्ने मुक्तिलाई केवल आफूले चुनिएका जातिमा मात्र सिमित राख्ने योजना बनाउनुभएको थिए। यो सत्य ज्ञान प्रायजसो पूरानो करारमा बराबर जानकारी दिएको पाइन्छ। विशेष गरेर यशैया र भजनसंग्रहमा परमेश्वरको त्यो चाहनालाई खुलाएको पाइन्छ। तत्कालिन समयमा गैर-यहुदीहरू तथा अन्य जातिहरू पनि परमेश्वरको मुक्तिको योजनाको दायरामा समावेश भएको हुन्छ भन्ने धारणा यहुदीहरूको बीचमा अमान्य थियो। तिनीहरूले भन्थे कि परम पिता सृष्टिकर्ता परमेश्वर तिनीहरूको मात्रै हो र उहाँको आशिष अरूले उपभोग गर्न अधिकार छैन। नयाँ करारमा पनि परमेश्वर सबै जातिहरूको निम्ति हो भन्ने येशूको शिक्षा कतिपय यहुदी इसाईहरूले पचाउन सकेका थिएनन्।

विदेशमा गएर अन्य जातिहरूलाई सुसमाचार सुनाउन सुसमाचार वाहक वा मिसिनेरी हुन योनाहलाई बोलाउँदा के के भयो भन्ने कथा

प्रथम् चार अध्यायमा छर्लङ्ग पारेको छ। योनाहको व्यक्तिगत अनुभव सही तथा इमान पूर्वक वयान योनाहको पुस्तकमा लेखिएको छ। योनाह आफ्नो जातिप्रति गर्ब भएको हुनाले अन्य जातिकहाँ गएर परमेश्वरको सन्देश सुनाउन चाहेका थिएनन्। अरू जातिप्रति उनको पूर्वाग्रह अर्थात् तिनीहरू यहुदी जस्तो धर्मात्मा छैन त्यसकारण तिनीहरू परमेश्वरको आशिषको भागिदार हुन सक्दैन भन्ने मनस्थितिले गर्दा त्यस कथामा योनाहको सकारात्मक र नकारात्मक स्वभावहरू लेखिएका छन्। जब परमेश्वरले बोलाउनुहुन्छ तब त्यस मानिसमा उहाँको आवाजप्रति अन्तर्विवेकमा कस्तो प्रभाव हुनुपर्छ र विदेशमा गएर सुसमाचारको नियोग वा मिशन स्थापना गर्न कतिको आवश्यक रहेछ भनेर खुलाएर योनाहको पुस्तकमा लेखिएको छ। आफ्नो देश छोडेर विदेश तथा अरू जातिहरूकहाँ सुसमाचार सुनाउने अर्थात् मिसिनेरीहरूले अपनाउनुपर्ने केही मार्गनिर्देशनहरू यस पुस्तकमा दिएको छ। अरूहरूको संस्कार र संस्कृति तिनीहरूको निम्ति कस्तो रहेछ भनेर यस पुस्तकले हामीलाई सिकाउँछ। आधुनिक प्रचारक तथा मिसिनेरीहरूले सामाना गर्नु परेका केही विषयवस्तु र समस्याहरूलाई औँल्याएर त्यसलाई कसरी सुल्झाउने भन्ने जवाफ यस पुस्तकले औँल्याउन खोज्दछ।

## १. कमजोर तथा पूर्वाग्रहले ग्रस्तभएको परमेश्वरको अगमवक्ता (२ राजा १४:२५)

**योनाको बारेमा २ राजा १४:२५मा हामीलाई के जानकारी दिइएको छ? हेर्नुहोस्: "परमप्रभु इस्राएलका परमेश्वरले आफ्ना दास गात-हेपेरका अमित्तैका छोरा योना अगमवक्ताद्वारा भन्नुभएको वचनअनुसार लेबोहमातदेखि अराबाको समुद्रसम्म इस्राएलका सिमाना फेरि स्थिर गर्ने तिनी नै थिए।"**

उपरोक्त पदमा योनालाई परमेश्वरको अगमबक्ता भनेर सम्बोधन गरिएको योनाको पुस्तकमा प्रस्तुत गरिएको छ। इस्राएलले सिरियाबाट इलाका पुन कब्जा गरेर आफ्नो सिमाना बिस्तार गरेको सही हुन्छ भनेर योनाले गरेका भविष्यवाणीलाई उल्लेख गर्दा उनी आदरणीय भविष्यवक्ता भनेर जनाउँछ।

गाथ हेफर भन्ने ठाउँमा योनाको जन्म भएको थियो (हिब्रू भाषामा त्यसको अर्थ "पानीको इनारको समिपमा भएको दाख पेल्ने

ठाउँ" हो।। यो गाउँ नाजरथको केही माइल पर उत्तरी इस्राएलको जेबुलिन इलाकामा थियो। त्यसको अर्थ येशू र योना दुवै जना गलिलको अगमबक्ताहरू थिए र तिनीहरूको बीचमा ७५० वर्षले एक आपसमा अलग थिए।

योनाको असल र खराब स्वभावलाई देहायका पदहरूले खुलाएकोमा तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस्ः योना १ः१-१२ "परमप्रभुको यो वचन अमित्तैका छोरा योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जा, र त्यसको विरुद्धमा प्रचार गर, किनभने त्यसको दुष्ट्याइँ मेरो सामु आएको छ।" ३ तर योना परमप्रभुबाट भागे र तर्शीशतिर लागे। तिनी तल योप्पा सहर गए, र त्यहाँ तिनले तर्शीशमा जाने एउटा जहाज भेट्टाए। परमप्रभुबाट भाग्न तर्शीश जानलाई जहाजमा भाड़ा दिएर तिनी चढ़े। ४ तब परमप्रभुले समुद्रमा एउटा ठूलो बतास चलाउनुभयो, र यस्तो प्रचण्ड आँधी चल्यो कि त्यसले जहाजलाई नष्ट गर्लाजस्तै भयो। ५ सबै नावीकहरू डराए, र प्रत्येकले आफ्नो देवताको पुकारा गर्‍यो। अनि तिनीहरूले जहाज हलुङ्गो बनाउनलाई व्यापारका मालहरू समुद्रमा फाले। तर योनाचाहिँ जहाजको तल्लो तलामा गएका थिए, र त्यहाँ तिनी भुसुक्क निदाए। ६ जहाजका कप्तान तिनीकहाँ आएर भने, "कसरी सुत्न सकेको! उठेर तिम्रा परमेश्वरलाई पुकार। शायद उहाँले हाम्रो ख्याल राख्नुहुनेछ र हामी नष्ट हुनेछैनौं।"

७ तब नावीकहरूले आपसमा भन्न लागे, "आओ, यस आपत्तिको जिम्मावार को रहेछ, सो जान्नलाई हामी चिट्ठा हालौं।" तिनीहरूले चिट्ठा हाले, र चिट्ठा योनाको नाउँमा पर्‍यो। ८ तब तिनीहरूले तिनलाई सोधे, "हामीलाई भन, हामीमाथि यो आपत् ल्याउन को जिम्मेवार छ? तिम्रो काम के हो? तिमी कहाँबाट आएका हौ? तिम्रो देश कुन हो? तिमी कुन जातिका हौ?" ९ तिनले जवाफ दिएर भने, "म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्वरको आराधना गर्दछु, जसले समुद्र र जमिन दुवै बनाउनुभयो।" १० यस कुराले तिनीहरू डराए र तिनलाई सोधे, "तिमीले के गरेका छौ?" (अघि नै यो कुरा बताएका हुनाले तिनी परमप्रभुको सामुन्नेबाट भागेका रहेछन् भन्ने तिनीहरूलाई थाहा थियो।) ११ समुद्रका छालहरू झन्-झन् प्रचण्ड हुँदैथिए। यसैले तिनीहरूले सोधे, "तिमीलाई अब हामीले के गरेदेखि समुद्र हाम्रा निम्ति शान्त होला?" १२ तिनले जवाफ दिए, "मलाई उचालेर समुद्रमा फालिदेओ, र समुद्र शान्त

हुनेछ। किनकि मेरै कारणले गर्दा तिमीहरूमाथि यो प्रचण्ड आँधी चलेको हो भन्ने म जान्दछु।", योना २:१-९ "१ योनाले माछाको पेटभित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे। २ तिनले भने,

"मैले आफ्नो सङ्कष्टमा परमप्रभुमा पुकारा गरें,
र उहाँले मलाई जवाफ दिनुभयो।
चिहानको गहिराइबाट सहायताको निम्ति मैले पुकारें,
र तपाईंले मेरो क्रन्दन ध्यानसित सुन्नुभयो।
३ तपाईंले मलाई समुद्रको गहिराइभित्र, समुद्रको मुटुभित्रै फालिदिनुभयो,
र प्रवाहहरू मेरा चारैतिर घुमे।
तपाईंका सबै छालहरू र लहरहरूले मलाई डुबाए।
४ मैले भनें, 'म त तपाईंको दृष्टिबाट निकालिएको छु,
तैपनि म फेरि तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु'।
५ डुबाउने पानीले मलाई तर्सायो,
समुद्रको गहिराइ मेरो चारैतिर थियो,
समुद्रका झ्याउहरू मेरो टाउकोभरि बेहेरिएका थिए।
६ म त डाँड़ाहरूका फेदीसम्मै तल डुबें,
पृथ्वीले मलाई सदाको निम्ति थुनिदियो।
तर हे परमप्रभु मेरा परमेश्वर,
तपाईंले मेरो ज्यानलाई खाल्डोबाट उठाएर ल्याउनुभयो।
७ "जब मेरो प्राण गलिसकेको थियो,
तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें,
र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो,
तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो।
८ "जस-जसले व्यर्थका मूर्तिहरूतिर मन लगाउँछन्,
तिनीहरूले पाउनुपर्ने अनुग्रहबाट तिनीहरू वञ्चित हुन्छन्।
९ तर म त धन्यवादको स्तुतिसहित तपाईंमा बलिदान चढ़ाउनेछु।
मैले जे भाकल गरेको छु,
सो म पूरा गर्नेछु।
उद्धार परमप्रभुबाटै हुन्छ।"

योना ३:१-१० "तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जाऊ, र म जे समाचार तिमीलाई दिन्छु, सो

त्यहाँ घोषणा गर्।" ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, "अबको चालीस दिनमा निनवे नष्ट हुनेछ" ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए।

६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।" १० तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।"

योना बल र कमजोरको समिश्रण थियो। उनी हठी र विद्रोही (अर्थात् अतिवादी यहुदी?) थिए। परमेश्वरको योजनाको खिलाफमा उनी गएका थिए। तर फेरि त्यसैवखत उनी आज्ञाकारी र सिकारु पनि थिए। प्रतिकुल परिस्थितिमा पनि वा माछ्राको पेटमा पौडी खेलेर बाँच्न संघर्ष गर्नुपरेतापनि सनातन जीवित परमेश्वरप्रति बफादार नै थिए। उनी साहसी थिए र प्रार्थनामा अत्यन्त विश्वास गर्थे। फेरि त्यसैवखत उनी संकुचित बिचारधारा भएको व्यक्ति थियो, उनको दिमाग साँगुरो थियो वा पूर्वाग्रहले ग्रसित थियो। उनी स्वार्थी थिए भने आफ्ना शत्रुहरू वा परमेश्वरलाई विश्वास नगर्ने मानिसहरूको तुरन्तै नाश भएको उनी चाहन्थे। २ राजा १४:२५मा योना परमेश्वरको सेवक भनेर सम्बोधन गरेतापनि उसको असली स्वभाव कस्तो थियो भनेर योनाको पुस्तकले नै बताउँछ। कोही मानिस परमेश्वरको जनभयो भन्दैमा उसमा भएको कमी कमजोरीहरूलाई बाइबलले लुकाउँदैन। उसको यथार्थ चित्रण इमान्दारितापूर्वक बाइबलले खुलाउँछ। बाइबलका योद्धा वा

परमेश्वरका महापुरुषहरूको नकारात्मक कमीकमजोर स्वभावहरू लुकाउन मानविय लेखकहरूको चाहना हुनसक्छ। यो स्वभाविकै हो र सामान्य पनि हो। तर पवित्र आत्माको अगुवाईमा परमेश्वरको जनहरूकै भएपनि तिनीहरूको असल र खराब पक्षहरूलाई बाइबलका लेखकहरूले जनसमक्ष राखेको हुन्छ। बाइबलका पात्रहरू जतिसुकै कमजोर र नरामाइलो लाग्दो वा रिस उठ्दो लाग्दो भएतापनि यदि परमेश्वरले तिनीहरूलाई काम गर्न दिइयो भने उहाँले तिनीहरूलाई परिवर्तन गर्न सक्षम् हुनुहुन्छ भनेर बाइबलले हामीलाई सिकाउँदछ।

**बाइबलका पात्रहरूमा कमी कमजोरी, घटी वा दोषहरू भएतापनि परमेश्वरले प्रयोग गर्नुभएको केही उदाहरणहरू छन्। के तपाईंलाई थाहा छ? कमजोर र सिद्ध नभएतापनि अरू मानिसहरूलाई उहाँको सन्देश सुनाउन प्रयोग गर्न सक्नुहुन्छ भन्ने ज्ञानबाट हामीहरूको आशालाई कसरी जगाइ दिन सक्छ? (अर्थात् परमेश्वरको बारेमा सुसमाचार सुनाउन के हामी परिपक्व वा सबै थोक थाहा भएको अर्थात् बाइबलको ज्ञानमा खप्पिस भएर सिद्धको आसन ग्रहण गर्नुपर्छ र?- अनुवादकको जिज्ञासा)।**

## २. प्राचिन तथा पुराना मिसिनेरी अर्थात् सुसमाचार प्रचारक (योना १:३-१७)

“निनबेमा जाऊ" भनेर परमेश्वरले योनालाई आदेश दिनुभएको थियो। पुरानो करारमा राष्ट्रहरूलाई “शियोन वा यरुशलेममा आऊ" भन्ने सन्देश सामान्य थियो। आफ्नो आस्था वा धर्मलाई अरू राष्ट्रका मानिसहरूलाई इस्राएलीहरूले अनुसरण गरेर देखाओस् भन्ने परमेश्वरको सुरुको योजना थियो। इस्राएलीहरूले आफ्नो धर्म र जीवनशैलीलाई यस्तरी आकर्षित गर्नुपर्थ्यो कि तिनीहरूलाई देखेर अरू राष्ट्रहरूले तिनीहरूको सरसल्लाह माग्न तिनीहरूकहाँ आउने वातावरण बनाइदिनुपर्थ्यो (यशैया ५६:७)।

योनालाई नयाँ करारका चेलाहरूका (मत्ती २८:१८-२०) पूर्वज अर्थात् नमुनाको **रूपमा** लिइन्छ। मूर्तिपूजाले विकृत्ति ल्याएका र निष्ठुर मानव स्वभावले अड्डा जमाएको निनबे शहरमा गएर प्रचार गर्न परमेश्वरले योनालाई अऱ्हाउनुभएको थियो। त्यो शहर नैतिक पतन र प्रदुषित मानव चरित्रको केन्द्रविन्दु थियो। पूर्वतिर रहेको निनबेमा जमिन भएर जाऊ भन्ने परमेश्वरको आदेशको विपरित योना समुद्रबाट

पश्चिमतिर टाढा भागेर जाने योजना होशियारपूर्वक बनाउँछन्। पूर्व जाऊ भन्ने आदेशलाई लत्याएर उल्टो पश्चिमतिर भागेर जाने योनाले परमेश्वरको आदेश नमान्ने अठोत् गरेरका थिए।

तर योनाले भोग्नुपर्ने अत्यन्त अचम्मको अनुभवबाट हामीले पनि के पाठ सिक्नुपर्छ? हेर्नुहोस् योना १:१-१७ "१ परमप्रभुको यो वचन अमित्तैका छोरा योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जा, र त्यसको विरुद्धमा प्रचार गर, किनभने त्यसको दुष्टयाइँ मेरो सामु आएको छ।" ३ तर योना परमप्रभुबाट भागे र तर्शीशतिर लागे। तिनी तल योप्पा सहर गए, र त्यहाँ तिनले तर्शीशमा जाने एउटा जहाज भेट्टाए। परमप्रभुबाट भाग्न तर्शीश जानलाई जहाजमा भाड़ा दिएर तिनी चढ़े। ४ तब परमप्रभुले समुद्रमा एउटा ठूलो बतास चलाउनुभयो, र यस्तो प्रचण्ड आँधी चल्यो कि त्यसले जहाजलाई नष्ट गर्लाजस्तै भयो। ५ सबै नावीकहरू डराए, र प्रत्येकले आफ्नो देवताको पुकारा गऱ्यो। अनि तिनीहरूले जहाज हलुङ्गो बनाउनलाई व्यापारका मालहरू समुद्रमा फाले। तर योनाचाहिँ जहाजको तल्लो तलामा गएका थिए, र त्यहाँ तिनी भुसुक्क निदाए। ६ जहाजका कप्तान तिनीकहाँ आएर भने, "कसरी सुत्न सकेको! उठेर तिम्रा परमेश्वरलाई पुकार। शायद उहाँले हाम्रो ख्याल राख्नुहुनेछ र हामी नष्ट हुनेछैनौं।"

७ तब नावीकहरूले आपसमा भन्न लागे, "आओ, यस आपत्तिको जिम्मावार को रहेछ, सो जान्नलाई हामी चिट्ठा हालौं।" तिनीहरूले चिट्ठा हाले, र चिट्ठा योनाको नाउँमा पऱ्यो। ८ तब तिनीहरूले तिनलाई सोधे, "हामीलाई भन, हामीमाथि यो आपत् ल्याउन को जिम्मेवार छ? तिम्रो काम के हो? तिमी कहाँबाट आएका हौ? तिम्रो देश कुन हो? तिमी कुन जातिका हौ?" ९ तिनले जवाफ दिएर भने, "म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्वरको आराधना गर्दछु, जसले समुद्र र जमिन दुवै बनाउनुभयो।" १० यस कुराले तिनीहरू डराए र तिनलाई सोधे, "तिमीले के गरेका छौ?" (अघि नै यो कुरा बताएका हुनाले तिनी परमप्रभुको सामुन्नेबाट भागेका रहेछन् भन्ने तिनीहरूलाई थाहा थियो।) ११ समुद्रका छालहरू झन्-झन् प्रचण्ड हुँदैथिए। यसैले तिनीहरूले सोधे, "तिमीलाई अब हामीले के गरेदेखि समुद्र हाम्रा निम्ति शान्त होला?" १२ तिनले जवाफ दिए, "मलाई उचालेर समुद्रमा फालिदेओ, र समुद्र शान्त हुनेछ। किनकि मेरै कारणले गर्दा तिमीहरूमाथि यो प्रचण्ड आँधी चलेको

**हो भन्ने म जान्दछु।" १३ तापनि जहाजलाई किनार लगाउनलाई ती मानिसहरूले सकेसम्म खियाए, तर तिनीहरूले सकेनन्, किनकि तिनीहरूका विरुद्धमा समुद्र झन्-झन् खराब हुँदैगयो। १४ यसकारण तिनीहरूले परमप्रभुमा पुकारा गरेर भने, "बिन्ती छ, हे परमप्रभु, यस मानिसको ज्यान लिएको कारण हामीलाई मर्न नपरोस्, र एक निर्दोष मानिसका हत्याको दोष हामीलाई नलागोस्, किनकि हे परमप्रभु, तपाईंलाई जस्तो इच्छा लागेको थियो सो गर्नुभएको छ।" १५ तब तिनीहरूले योनालाई उचालेर समुद्रमा फालिदिए, र उर्लेको समुद्र शान्त भइहाल्यो। १६ यो देखेर ती मानिसहरूले परमप्रभुको अत्यन्तै भय माने, र तिनीहरूले परमप्रभुको निम्ति बलिदान चढ़ाए र उहाँमा भाकल गरे। १७ तर योनालाई निल्न परमप्रभुले एउटा ठूलो माछा जुटाउनुभयो, र तीन दिन र तीन रातसम्म योना त्यस माछाको पेटभित्र रहे।"**

भगुवा अगमवक्ता तथा सुसमाचार प्रचारकलाई परमेश्वरले प्रचण्ड आँधिबेरीबाट आफ्नो जवाफी कार्वाही गर्नुहुन्छ। अगमवक्ताले परमेश्वरको वचनलाई लत्याएतापनि हुरीबतास वा अजिब प्रकृत्तिले उहाँको आदेशलाई पालना गर्छ (मर्कूस ४:४१मा पनि येशूले आँधीलाई शान्त पार्नुभएको थियो भनेर उल्लेख गरिएको छ)। सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने र मूर्तिपूजक अन्यजातिले आआफ्ना देवीदेवताहरूलाई प्रार्थना गर्छन् प्रचण्ड आँधीबेरीमा जब योना मस्तसँग सुत्दछन् (योना १:५)। जब नाभिकहरूको प्रार्थना तिनीहरूको देवताहरूले नसुनेको आभास पाएपछि कसको कारणले बिपत्ती आइपऱ्यो भनेर जहाजमा खोजनिति गर्दा तिनीहरूले योनालाई भेट्टाउँछन् र करकाप गर्छन्। निद्राबाट बिउँतिएको योनाले आफ्नो असली पहिचान दिएर सत्य परमेश्वर र सृष्टिकर्ताको बारेमा यसरी गवाही दिन्छन् "म यहुदी हुँ र सनातन सृष्टिकर्ता परमेश्वरको उपासक हुँ।" आफ्नो धर्म वा आस्था र राष्ट्रियतालाई योनाले लुकाउँदैन। अनि के गर्ने भनेर तिनीहरूले सोध्दा आफूलाई समुद्रमा फ्याँकिदिन योनाले अऱ्हाउँछन्। परमेश्वरलाई विश्वास नगर्ने नाभिकहरूले आफू र यात्रीहरूलाई बचाउन भरमग्दुर प्रयत्न गर्छन्। योनाप्रति दया जागेर उनलाई जहाजबाट फ्याँक्न तिनीहरू हिच्किचाउँछन् (अब परमेश्वरको इच्छाविपरित चल्ने अगमवक्ताले अरूहरूको ज्यान बचाउन आफ्नो ज्यान दिन तयार भएको थियो)। जब नाभिकहरूले वाध्यभएर योनाको अनुरोधलाई स्वीकार्छन् र

जहाजबाट उनलाई बाहिर हुत्याउँछन् तब आँधीबेरी र समुद्र शान्त हुन्छन् (योना १:१५)। आश्‍चर्यचकित भएका नाभिकहरू सनातन परमेश्‍वरमाथि विश्‍वास गर्न पुग्छन्। योनाको साक्षीमा परमेश्‍वरतिर मन फर्काउने अन्याजातिमा ती नाभिकहरू पहिलो हुनपुगे। परमेश्‍वरको बोलहतबाट भागे पनि उहाँले आफ्नो काम सिद्ध गर्न उहाँले योनालाई नै प्रयोग गर्नुभयो।

योनाको उद्धार पनि जहाजको उद्धार जस्तै अचम्म तरिकाले भएको थियो। परमेश्‍वरले ठूलो माछ्रालाई तयार गर्नुभयो। सुरूमा लेखिएको हिब्रू भाषामा कस्तो खालको माछ्राले योनालाई बचाएको थियो भनेर उल्लेख गरिएको छैन। माछ्राको पेटमा पौडी खेलेर जिउनुपरेको कथा अत्यन्त लोकप्रिय त छ नै तर त्यसले देखाएको गहिरो सन्देशलाई हामीले भुल्नुहुन्न। चाहे यहुदी होस् चाहे अन्यजाति मूर्तिपुजकहरू होस् परमेश्‍वरले सबैलाई प्रेम गर्नुहुन्छ, स्याहार गर्नुहुन्छ र समस्त मानव प्राणीले मुक्ति पाउन् भन्ने उहाँको चाहना छ।

**बहुदेवीदेवताहरूलाई मानिसहरूले पूजा गरेतापनि अन्तमा एकमात्र परमेश्‍वर हुनुहुन्छ जो स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ (यशैया ४४:८, ४५:५,६) भनेर स्वीकार्ने सबैको बाध्यता हो। सनातन सृष्टिकर्ता परमेश्‍वरलाई पन्छाएर आफ्नै तरिकाले मूर्तीहरू बनाएर तिनीहरू नै मेरो देवता हुन् भनेर ढोग्नु गलत हो। हामीलाई सृष्टि गर्ने परमेश्‍वरलाई नपुजी हामीले नै सृष्टि गरेका देवीदेवताहरूलाई ढोग्नु र पूजा गर्नु उक्त परमेश्‍वरमाथि हिलो छ्याप्नु हो। यदि हामीहरूको चाहना अरूले पनि परमेश्‍वरलाई विश्‍वास गरोस् भन्ने छ भने उपरोक्त आत्मज्ञानलाई बुझ्नु र त्यसको बारेमा अझ गहिरिएर अध्ययन गर्नु किन जरुरी छ?**

## ३. ठूलो माछ्राको पेटमा अलपत्र परेको योनाको बिचल्ली (मत्ती १२:४०-३४

योना माछ्राको पेटमा तिन दिनसम्म पौडि खेलेर जिउनु परेको थियो। उनको माछ्राको पेटमा तिन दिन रहेको अनुभवलाई आफ्नो मृत्यु र पुनरुत्थानसँग प्रतिकको रूपमा येशूले दाँज्नुभएको थियो (योना १:१७-२:१०, मत्ती १२:४०)। परमेश्‍वरले नै ठूलो माछ्रालाई कहाँ जानु र के गर्नु भनेर अऱ्हाउनुभएको थियो। योनाको कहानी कुनै मनगढन्ते पुराण होइन किनभने समुद्री जीवनको कथाहरूमा ह्वेल

माछ्याले मानिसहरूलाई निलेका र बाँचेका वृतान्तहरू प्रचलित छन्। तर परमेश्वरले योनाको निम्ति विशेष ठूलो माछ्या चुन्नुभएको थियो भनेर हामीले सम्झिनुपर्छ। माछ्याको पेटमा योनालाई बचाइ राख्न परमेश्वरले नै अचम्मको शक्ति प्रदान गर्नुभएको थियो। अन्तमा जे भयो सो परमेश्वरकै हस्तक्षेपले माछ्याको पेटमा योना बाँचीरहने अलौकिक घट्ना भएको थियो। मानिसहरूको जीवनमा अचम्म तवरले काम गरिरहनुहुने व्यक्तिगत परमेश्वर हुनुहुन्छ भनेर बाइबलभरि देखाएको छ।

शियोलमा काल्पनिक यात्रा गर्न तिन दिन तिन रात लाग्छ भन्ने लोकधारणा योनाको समयमा थियो भनेर प्रमाणित गरिएको छ। हिब्रू भाषामा शियोलको अर्थ मुर्दाहरूको स्थान हो। माछ्याको पेटमा बिचल्लीमा परेको योनाको जीवन मरेतुल्य थियो भनेपनि हुन्छ।

माछ्याको पेटमा पिडादायक जीवन बिताइरहेका योनाले आखिरमा परमेश्वरको पुकार गर्छन्। जहाजमा बस्दाखेरि नै जहाजको कप्तानले "तिम्रो परमेश्वरलाई पुकार" भनेर अऱ्हाएको थियो (योना १:६)। अब नैराश्य र बिचल्लीमा परेको योनाले परमेश्वरसँग प्रार्थना गर्न थाले त्यो पनि अत्यन्त गम्भिर भएर। आखिरमा परमेश्वरलाई पुकार्ने स्थितिमा ल्याउन योनालाई अत्यन्त खराब परिस्थितिमा गुज्रनु परेको थियो। योनाको प्रार्थनाको सारांशलाई धन्यवाद तथा कृतज्ञताको भजनको रूपमा मान्यता दिइएको छ। यस्तो खालको भजनमा प्रायजसो पाँच भागहरू हुन्छन्: (१) बिषयप्रवेश (२) समस्याको वृतान्त (३) सहायताको निम्ति परमेश्वरसँग प्रार्थना (४) परमेश्वरको कामको सराहना (५) परमेश्वरको उद्धारकार्यको अरूलाई बताउने प्रतिज्ञा। अर्थात् बिचल्लीमा परेको मानिसले गर्ने प्रार्थनामा यदि मलाई यसबाट उम्काउनुभयो भने म यो गर्छु त्यो गर्छु भनेर गर्ने बाचा। यस्तो खालको प्रार्थना कसले गरेनन् होला र? तर प्रश्न त यो छ कि: के तपाईंले त्यो बाचालाई पालन गर्नुभएको छ?

पेट भित्र रहेको योनाको प्रार्थना यस प्रकारको छ: "१ योनाले माछ्याको पेटभित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे। २ तिनले भने, "मैले आफ्नो सङ्कष्टमा परमप्रभुमा पुकारा गरें, र उहाँले मलाई जवाफ दिनुभयो। चिहानको गहिराइबाट सहायताको निम्ति मैले पुकारें, र तपाईंले मेरो क्रन्दन ध्यानसित सुन्नुभयो। ३ तपाईंले मलाई समुद्रको गहिराइभित्र, समुद्रको मुटुभित्रै फालिदिनुभयो, र प्रवाहहरू मेरा

चारैतिर घुमे। तपाईंका सबै छालहरू र लहरहरूले मलाई डुबाए। ४
मैले भनें, 'म त तपाईंको दृष्टिबाट निकालिएको छु, तैपनि म फेरि
तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु'। ५ डुबाउने पानीले मलाई तर्सायो,
समुद्रको गहिराइ मेरो चारैतिर थियो, समुद्रका झ्याउहरू मेरो
टाउकोभरि बेहेरिएका थिए। ६ म त डाँड़ाहरूका फेदीसम्मै तल डुबें,
पृथ्वीले मलाई सदाको निम्ति थुनिदियो। तर हे परमप्रभु मेरा परमेश्वर,
तपाईंले मेरो ज्यानलाई खाल्डोबाट उठाएर ल्याउनुभयो। ७ "जब मेरो
प्राण गलिसकेको थियो, तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें, र मेरो
प्रार्थना तपाईंकहाँ उठ्यो, तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो। ८ "जस-
जसले व्यर्थका मूर्तिहरूतिर मन लगाउँछन्, तिनीहरूले पाउनुपर्ने
अनुग्रहबाट तिनीहरू वञ्चित हुन्छन्। ९ तर म त धन्यवादको
स्तुतिसहित तपाईंमा बलिदान चढ़ाउनेछु। मैले जे भाकल गरेको छु, सो
म पूरा गर्नेछु। उद्धार परमप्रभुबाटै हुन्छ।" योना २:१-९।

**मत्ती १२:४० र यूहन्ना २:१८-२२ पढ्नुहोस् र येशूले योनाको कथालाई आफ्नो अनुभवको उदाहरण हो भनेर कसरी उल्लेख गर्नुभएको छ? हेर्नुहोस्: "४० किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ।" (मत्ती १२:४०) र "१८ यहूदीहरूले उहाँलाई भने, "तपाईं यी काम गर्नुहुन्छ, त यिनका निम्ति हामीलाई के चिन्ह देखाउनुहुन्छ?" १९ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु।" २० तब यहूदीहरूले भने, "यस मन्दिरलाई निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खड़ा गर्न सक्नुहुन्छ र?" २१ तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। २२ जब उहाँ मृतकबाट उठाइनुभयो, तब येशूले भन्नुभएको यो कुरा चेलाहरूलाई स्मरण भयो, र तिनीहरूले धर्मशास्त्रमाथि र येशूले बोल्नुभएको वचनमाथि विश्वास गरे।"
(यूहन्ना २:१८-२२)।**

माछाको पेटमा बालबाल बचेका योनालाई परमेश्वरको निर्देशनमा माछाले उकाल्छ भनेर योना २:१०ले यसरी भन्दछ: "तब परमप्रभुले माछालाई आज्ञा गर्नुभयो, र त्यसले योनालाई पाखामा उकेलिदियो।" जहाजमा नाभिकहरूले योनालाई बचाउन खोजेको थियो

तर सकेन तर परमेश्वरले ठूलो माछ्रालाई अऱ्हाएर योनालाई बचाउनुभएको थियो। माछ्रालाई परमेश्वरले अऱ्हाएको जस्तै आफ्ना चेलाहरूलाई सारा संसारमा गएर प्रचार गर भनेर आफ्नो पुनरुत्थानपछि येशूले निर्देशन दिनुभएको थियो। भयङ्कर ठूलो माछ्राको पेटबाट उद्धार गरिएको योना अन्य जातिहरूकहाँ गएर प्रचार गर्छ र उनी त्यस काममा भारी सफलता हासिल गर्छन्। तत्कालिन उनी पुरानो करारको सफल मिसिनेरी वा प्रचारकको रूपमा गनिन्छ। योनालाई गरिएको उद्धारलाई मानिसलाई मुक्ति दिने परमेश्वरको कृपा भनेर साक्षीको रूपमा लिइन्छ। जतिसुकै पापमा चुर्लुम्म डुबेका असेरियनहरूलाई परमेश्वरले मुक्ति दिन चाहनुहुन्छ भनेर योनालाई समुद्रको किनारमा उतारेकोबाट थाहा हुन्छ।

## ४. निनबेको पुस्ता (योना ३)

**सार्वजनिक रूपमा सुसमाचार प्रचार गर्ने तरिका जुन् योनाले अपनाए त्यसमा हामीहरूको निम्ति के ठूलो सन्देश दिइएको छ? हेर्नुहोस्, योना ३ "१ तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जाऊ, र म जे समाचार तिमीलाई दिन्छु, सो त्यहाँ घोषणा गर्।" ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, "अबको चालीस दिनमा निनवे नष्ट हुनेछ" ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।" १० तिनीहरूले के गरे र**

**कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।"**

दोस्रो पल्ट  निनबेको शहरमा उहाँको समाचार सुनाउन योनालाई परमेश्वरले अऱ्हाउनुभएको थियो। परमेश्वरको वचनमा योनालाई "जाऊ र मैले दिने सन्देश सुनाऊ" भन्नुभएको थियो (योना ३:१,२)। यसमा दुई क्रियापदहरू समावेश भएका छन्। प्रथमतः परमेश्वरले योनालाई दोस्रो पल्ट "जाऊ" भन्नुभयो। परमेश्वरको प्रेम यति महान् छ कि कोही पनि नाश नहोस् भन्ने उहाँ चाहनुहुन्छ जसले गर्दा उहाँले हतपत मानिसलाई त्यतिकै छोड्नुहुन्न। पतित मानिसलाई आफ्ना कुकृत्यहरूबाट फर्कन उहाँले दोस्रो अवसर दिनुहुन्छ। यहाँ नयाँ करारमा येशूले चेलाहरूलाई दिनुभएको निर्देशनलाई याद दिलाउँछ। राष्ट्र राष्ट्रहरूमा गएर प्रचार गर्नुपर्छ तर राष्ट्र तपाईंकहाँ आएर सन्देश सुन्न आउँछ भन्ने छैन। अर्थात् संसार खराब भएतापनि संसारमा जानु र परमेश्वरको समाचार दिनु भन्ने परमेश्वरको चाहना छ।  संसार तपाईंमा भएको सुसमाचार सुन्न आउन अपेक्षा गर्नुहुन्न। (यो अत्यन्त समयसापेक्षिक धारणा हो। कतिपयले संसार खराब छ, त्यसबाट अलग भएर एकान्त वा गुफा वा कुटीमा बस्नु पर्छ भनेर सिकाउँछ। तर बाइबलले संसार खराबै भएतापनि त्यहीं गएर हिमिचिम गर्नु र परमेश्वरको निम्ति जीवित बत्ती बन्नु भनेर सिकाउँदछ-अनुवादकको टिप्पणी)।

अर्को अत्यन्त महत्त्वपूर्ण क्रियापदचाहीँ "सुनाऊ अर्थात् प्रचार गर" हो। परमेश्वरको सन्देश मानिसहरूको बीचमा लैजाने कार्य बाइबलमा सधैं अत्यन्त उल्लेखनीय रूपमा कोरिएको पाइन्छ। बर्तमान परिप्रेक्ष्यमा पनि सुसमाचार सुनाउन मानिसहरूकै बीचमा जाने अति उत्तम उपाय हो। "मैले जे सन्देश दिंछु, त्यही सन्देश सुनाउनु" भनेर परमेश्वरले योनालाई अऱ्हाउनुभएको थियो। जुन सन्देश हामीले दिंछौं वा प्रचार गर्छौं त्यो परमेश्वरको हुनुपर्छ हाम्रो होइन।

परमेश्वरको सन्देशमा प्रतिज्ञा, न्याय, शुभसन्देश र वेवास्ता गर्दा के हुन्छ त्यसको नतिजा समावेश भएको हुन्छ। परमेश्वरको सुरो सन्देश निनबेको निम्ति यो थियो "४० दिन भित्र निनबे शहरको नाश हुन्छ" (योना ३:४)। त्यो न्यायिक र निर्णायक फैसला थियो। तर

त्यसमा आशा र मुक्तिको पनि सन्देश थियो। (यो कुरा सत्य सावित हुनसक्छ किनभने मानिसहरूले योनाको सन्देशलाई सुनेर पश्चाताप गरे र तिनीहरू नाश हुनबाट बचिए)।

हामीले सुनाउन अनन्तको सुसमाचार (प्रकाश १४:६-१२)मा पनि न्यायको बारेमा चेतावनी दिइएको छ। सुसमाचार र न्याय सँगसँगै जान्छ। पापले गर्दा ल्याउने हामी सबैलाई दण्डबाट उम्कन परमेश्वरले हामीलाई मुक्तिको सुसमाचार प्रदान गर्नुभएको छ।

यदि सुसमाचार सुनाउँदा ती दुई महत्त्वपूर्ण पक्षहरू समावेश भइएन भने कुनै पनि प्रचारको औचित्य हुँदैन। मिठो मिठो सन्देशमात्र सुनाउने र पापमा रहिरहँदा ल्याउने नतिजाको बारेमा पन्छाउने, वा पापबाट ल्याउने नतिजालाई त्रसित बनाएर प्रचार त गर्ने तर सुसमाचारचाहीँ नसुनाउने नीति जोखिमपूर्ण हुन्छ। कस्तो खालका मानिसहरूलाई हामी सुसमाचार सुनाउन जाँदैछौँ तिनीहरूको आवश्यकताप्रति ध्यान दिएर हामी तिनीहरूकहाँ जानुपर्छ। तर परमेश्वरले दिनुभएको सत्यतथ्य सन्देशको मोललाई ओझेलोमा पारेर हामी आफ्नै पाराले कहिलै पनि प्रचार गर्नुहुन्न।

योना ३:५-१०मा के भयो भनेर उल्लेख गरिएको छ। निनबेका जनताले योनाको सन्देशलाई विश्वास गरे, तिनीहरू तुरन्तै आफ्ना चालचलनलाई सुधारे, परमेश्वरमा विश्वास गरे जसको फलस्वरुप तिनीहरू नाश हुनबाट बचिए।

**परमेश्वरले हामीलाई धेरै अचम्म प्रतिज्ञा तथा कबूलहरू दिनुभएको छ। त्यसको साथै अत्यन्त गम्भिर चेतावनीहरू पनि दिइएका छन्। निनबेमा भएका कथाले परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू र चेतावनीहरूप्रति हामी पनि कतिको गम्भिर तथा संवेदनशील हुनुपर्छ हामीलाई सिकाउँछ?**

## ५. योनाको सन्ताप तथा बिलाप (योना ४:१०,११)

योना ४:१-११मा उहाँको अगमबक्तालाई विश्वमा सुसमाचार प्रचार गराउन काममा खटाउन परमेश्वरको ठूलो समस्या भनेको दुरी, हुरीबतास, नाभिकहरू, जहाज, माछा तथा निनबेका मानिसहरू नभएर अगमवक्ता आफै थिए। योनामा निष्ठुर स्वभाव वा आत्मा थियो, परमेश्वरको चित्तलाई उनले विश्वास गरेका थिएनन्। तर निनबेका

मानिसहरूको विश्वास उनको भन्दा फरक थियो। परमेश्वर सदाशयी, अति दयालु, करुणामय र रिसाउन ढिलो गर्ने भनेर दोष लगाउने पुरानो करारका पात्रहरूमा योनामात्र थिए। प्रेमले भरिएको र दण्ड नदिने परमेश्वर कस्तो रहेछ भनेर सन्ताप गर्दै उनले परमेश्वरको चरित्रलाई दोष लगाएका थिए। तर यथार्थमा योनाले परमेश्वरप्रति कृतज्ञ हुनुपर्थ्यो र उहाँका ती अचम्मका अनुग्रही गुणहरूको सराहना गर्नुपर्थ्यो। तर आफूले भविष्यवाणी गरेको अनुसार शहर नाश नहुँदा आफू झुठा अगमवक्ता ठहरिन पुगेकोमा उनको दिमागले काम गर्न छोडेको थियो। शहर नाश नभएकोमा उनी चिन्ताग्रस्त भएका थिए। आफ्नो भाऊलाई जोगाउन वा आफ्नो नामलाई कायम राख्न तम्सिएका योना त्यस महान् शहरका मानिसहरूको ज्यानको महान् मूल्य उनले बिर्सेका थिए। जुन दया र सदाशयता त्यस पश्चाताप गरेका कहालीलाग्दो शहरप्रति परमेश्वरले देखाउनुभयो करुणा देखेर योना अत्यन्त असहमत र नरमाइलो मानेका थिए। त्यतिमात्र नभएर उनी परमेश्वरप्रति अत्यन्त क्रोधित भएका थिए (एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. २७१)।

योना ४ अध्यायमा परमेश्वरको र पापी मानिसको स्वभावको बीचमा के अन्तर छ भनेर देखाउँछ। अतिवादीले पिडित भएको योना नभएर परमेश्वरमात्र हाम्रो अन्तिम न्यायमूर्ती हुनुहुन्छ भन्ने आत्मज्ञान थाहा पाउँदा उहाँप्रति हामी किन हर्षित हुनुपर्छ? हेर्नुहोस्: "१ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो। २ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, "हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ। ३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।" ४ तर परमप्रभुले जवाफ दिनुभयो, "के रीस गर्न तिम्रो हक छ र?" ५ तब योना सहरबाट निस्केर त्यस सहरका पूर्वपट्टिको एउटा ठाउँमा गएर बसे। तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस सहरलाई के हुँदोरहेछ सो हेर्नलाई त्यसैको छायामा बसे। ६ तब परमप्रभु परमेश्वरले एउटा लौका उमार्नुभयो, र योनाको शिरमा त्यो छाया होस् र तिनको दुःखहरण होस् भनेर त्यसलाई

**बढ़ाउनुभयो। यसैले लौकाको कारण योना अत्यन्तै खुशी भए। ७ तर भोलिपल्ट बिहान उज्यालो हुँदा परमेश्वरले एउटा कीरालाई खटाउनुभयो, र त्यसले त्यस लौकालाई खाइदियो, र त्यो ओइलाइहाल्यो। ८ सूर्य उदाएपछि परमेश्वरले पूर्वदेखि पोल्ने बतास चलाइदिनुभयो, यतिसम्म कि टन्टलापुर घाम योनाको टाउकोमा पऱ्यो र तिनी मूर्च्छा परे, र मर्ने इच्छा गरेर भने, "मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।" ९ तर परमेश्वरले योनालाई भन्नुभयो, "के लौकाको कारण रिसाउनु तिम्रो हक छ?" तिनले भने, "मेरो हक छ। म मरुञ्जेलसम्मै रिसाउँछु।" १० तर परमप्रभुले भन्नुभयो, "तिमीले नस्याहारेको अथवा नउमारेको यस लौकाको लागि यति चिन्तित भयौ। एकै रातमा बढ्यो, र एकै रातमा नष्ट पनि भयो। ११ तर निनवे सहरमा एक लाख बीस हजारभन्दा बढ्ता मानिसहरू छन्, जसले दाहिने र देब्रे हातै चिन्न सक्दैनन्, र त्यसमा धेरै गाईबस्तुहरू पनि छन्। के मैले त्यस ठूलो सहरको निम्ति फिक्री नगरूँ?" (योना ४)।**

योना परमेश्वरसँग दुई पल्ट रिसाएका थिए भनेर योना ४ अध्यायमा उल्लेख गरेको छ। एक लाख बिस हजार मानिस र पशुहरू भएको निनबे शहरलाई नष्ट नगर्न परमेश्वरले आफ्नो मन बदल्नुभएकोमा र त्यस शहरलाई बचाउनुभएकोमा योना उहाँसँग अत्यन्त झोक्किएका थिए। लौकाको बिरुवा मर्दा पनि उनी रिसाएका थिए। आफ्नो स्वार्थ र भाऊ बढाउन तल्लिन भएको योनाले ज्यानको मूल्यलाई प्राथमिकता दिनुपर्ने कुरालाई उनले भुलेका थिए।

मानव भातृत्वपना परमेश्वरलाई पिता मान्नेमा भरपर्छ भनेर जान्नुपर्छ भनेर उहाँले योनालाई सिकाउन खोज्नुभएको थियो। ती "विदेशी वा अन्यजाति"हरू पनि यदि परमेश्वरलाई विश्वास गरे तिनीहरू दाजुभाई नै हुन् भनेर योनाले थाहा पाउनु पर्थ्यो। तिनीहरू पापी र दुष्ट नै भएतापनि परमेश्वरतिर मन फर्काए तिनीहरू पनि परमेश्वरको राज्यमा समान सहभागी हुन सक्छ भन्ने कुरालाई योना आफू यहुदी भएपनि बुझ्नुपर्थ्यो। योनाले एक लाख बिसहजार मानिसहरू भन्दा लोकाको बोटलाई धेरै महत्त्व दिएका थिए। के बिरुवा भन्दा मानिसको ज्यान ठूलो छैन र?

**योनाको अतिवादी मनस्थितिलाई देखेर परमेश्वरले उनलाई हप्काउनुभएको थियो। योनालाई परमेश्वरले सम्झाउनुभएको कुरा**

**हामीलाई पनि कसरी लागु हुन्छ भनेर कसरी बुझ्ने? कतिपय समयमा हामीहरू पनि व्यक्तिगत सानो तिनो कुरामा अल्झेर बस्छौं तर ख्रीष्टले रगत बगाउनुभएको मानिसहरूप्रति हामी असंवेदनशील भएका हुन्छौं? योनाको सन्देशले यस विषयमा हामीलाई के सिकाउँछ?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको सुसमाचार प्रचारप्रसार गर्ने लक्ष्यलाई बाइबलले कसरी बुझाउँछ भनेर ज्ञान दिन योनाको पुस्तक अत्यन्त उपयोगी छ। परमेश्वरलाई विश्वास नगर्ने जातिहरूप्रति उहाँका जनहरूले कस्तो चासो देखाउनुपर्छ भनेर निर्देशनसहित उहाँको चाहना त्यस पुस्तकले बताउँछ। परमेश्वरले योनालाई दिनुभएको निर्देशन नयाँ करारमा दिएको निर्देशनको सुरूवात हो भनेर मानिलिनुपर्छ। परमेश्वरलाई विश्वास गर्छुचाहिँ भन्ने तर संसारका मानिसहरूलाई सुसमाचार सुनाउनुको सट्टा उहाँको खतनमा नबसी उहाँको विद्रोह गर्ने विश्वासीहरूको बानी योना जस्तो छ भनेर जान्नु पनि महत्त्वपूर्ण छ।"- योहानस भरक्युल, कन्टेपोरेरी मिसिनरी, (ग्राण्ड रापिडस्, मिशिगनः विलियम बी, बर्डमानस् पब्लिशिङ्ग कम्पनी, १९७८), पृ. ९६बाट रूपान्तरित।

## चिन्तनमननः

अ. "निनबेको इतिहासले देखाएको पाठलाई होशियारपूर्वक अध्ययन गर्नु जरुरी छ...परमेश्वरको अनुग्रह थाहा नपाउने पापी मित्र मानवहरूलाई तपाईंको सहायताको आवश्यक छ भनेर थाहा पाएर तिनीहरूप्रति तपाईंको कर्तव्य के हो सो तपाईंले थाहा पाउनै पर्छ।"-एलेन जी ह्वाइट, द साउदरन वर्कस्, पृ.. ८०बाट रूपान्तरित। हामीहरूको विश्वासबाट अलग बसेका मानिसहरूप्रति हामीहरूको धर्म के हो?

आ. ई.पू. ८८५-६२५मा असेरियाले मध्यपूर्व एशियालाई आफ्नो काबुमा राखेर आफू महान् शक्तिशाली साम्राज्य भएको देखाएको थियो। यहुदा र इस्राएल त्यस देशको क्रुर शासनले प्रायजसो कष्ट भोगेका थिए। बिजयले मात्तिएको असेरियाको चक्रवर्ती राजा शालमानजरले इस्राएललाई कर तिराउन वाध्य गराएका थिए। सन् ७२२मा असेरियाले इस्राएललाई पूर्ण

रूपमा आफ्नो काबुमा राखेको थियो। निनबे असरियाको चारवटा मूख्य शहरहरूमा एक थियो। त्यसकारण त्यहाँ गएर परमेश्वरको सन्देश दिन योना रुचाएका थिएनन्। फेरि, निनबे इशाटार देवीको पूजा गर्ने केन्द्र थियो। त्यो देवीलाई प्रेम र युद्धको देवी भनेर पूजा गरिन्थ्यो। शत्रुको आध्यात्मिक केन्द्रमा नै गएर युद्ध पिपासु असेरियाका जनताहरूलाई पश्चातापन गर्न सिकाऊ भनेर परमेश्वरले योनालाई आह्वान गर्नुभएको थियो। जो भएतापनि हामीहरूको लक्ष्य के हो भनेर त्यस कथाबाट हामी पाठ कसरी सिक्न सक्छौं?

इ. हाम्रो चर्चले परमेश्वरबाट पाएका आशिष र सल्लाहहरू जस्तै शब्बथ, स्वास्थ्यका सन्देशहरू, शिक्षा नीतिहरू हामीहरूको फाइदाको निम्ति मात्र नभएर सबै मानिसहरूको निम्ति हो भन्ने कुरालाई नभुल्न हामी कसरी सचेत हुने? प्रकाश ३:१७,१८लाई हामीले कसरी लिने? हेर्नुहोस् "१७ "म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन" भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ। १८ यसकारण धनी हुनलाई आगोले खारेको सुन र आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलहम, यी सबै मबाट किन्ने म तिमीलाई सल्लाह दिन्छु। १९ जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ। पश्चात्ताप गर।"

ई. निनबेका मानिसहरूलाई योनाले दिएको सन्देश प्रकाश १४:६-१२मा प्रकट गरिएको छ भनेर कसरी केलाएर पढ्ने? हेर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो

भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

३. कतिपय मानिसहरूले योनाको कथालाई विश्वास गर्न इन्कार गरेको पाउँछौं। माछाको पेटमा योना कसरी जियो भन्ने कुरालाई पत्यार गर्न कतिलाई गाऱ्हो पर्छ। किन त्यो कुरालाई विश्वास गर्न सजिलो छैन? योनाको कथा सत्य हो भनेर स्वीकार गर्न तपाईंमा कस्तो सोच हुनुपर्छ?